प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०७/२२


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब चौउन्न प्रतिशत (५३.५४%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १९१६३६ (१००%) | १०२५९८ (१००%) |
| निको भएको | १५५११४ (८०.९%) | ७८४०२ (७६.४%) |
| उपचाररत | ३५४३५ (१८.५%) | २३६६० (२३.१%) |
| मृत्यु भएको | १०८७ (०.५७%) | ५३६ (०.५२%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/२२ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/२२ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/२२

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीकोसंख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | १०१ | ६२ | १६३ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | ३३ | २ | ३५ |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाण्डौ | ८ | ५ पुरुष र ३ महिला |
| सिन्धुली | १ | १ महिला |
| भक्तपुर | १ | १ महिला |
| जम्मा — १० | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- स्वयम्भु, काठमाण्डौका ६८ वर्षिय पुरुष निमोनिया र शक भई कार्तिक १७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १९ गते निधन भएको छ । उहाँको कार्तिक १७ गते कोभिड-१९ पुष्टि भएको थियो। (उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो ।) त्यस्तै स्वयम्भु, काठमाण्डौका ६५ वर्षिय पुरुष निमोनिया भई कार्तिक १३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २१ गते निधन भएको छ । उहाँको कार्तिक ३ गते कोभिड-१९ पुष्टि भएको थियो। काठमाण्डौका ७४ वर्षिय पुरुष निमोनिया भई कार्तिक २१ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ । उहाँको कार्तिक २१ गते नै कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ दम र स्ट्रोकको समेत बिरामी हुनुहुन्थ्यो।) काठमाण्डौका ८९ वर्षिय पुरुष मुटुको समस्या भई कार्तिक ८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २१ गते निधन भएको छ । उहाँको कार्तिक ७ गते नै कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।)

- सितापाइला, काठमाण्डौका ८१ वर्षिय पुरुष निमोनिया भई कार्तिक १८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक १८ गते नै कोभिड-१९ पुष्टि भएको थियो । नयाँबजार, काठमाण्डौकी ७७ वर्षिया महिला निमोनिया र शक भई कार्तिक २० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २१ गते निधन भएको छ । उहाँको कार्तिक १९ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप, दम र स्ट्रोकको समेत बिरामी हुनुहुन्थ्यो ।) काठमाण्डौकी ८० वर्षिया महिला कार्तिक ११ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २० गते निधन भएको छ । उहाँको

कार्तिक ११ गते कोभिड-१९ पुष्टि भएको थियो । किर्तिपुर, काठमाण्डौकी ४५ वर्षिया महिला निमोनिया भई कार्तिक १४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २१ गते निधन भएको छ । उहाँको कार्तिक ९ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- मरिण, सिन्धुलीकी २१ वर्षिया महिला श्वासप्रश्वास र मुटुको समस्या भई कार्तिक १९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २१ गते निधन भएको छ । उहाँको कार्तिक १५ गते कोभिड-१९ पुष्टि भएको थियो । सुर्यविनायक, भक्तपुरकी ६३ वर्षिया महिला श्वासप्रश्वास र मुटुको समस्या भई कार्तिक १९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक २१ गते निधन भएको छ । उहाँको कार्तिक १८ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ अल्जाईमर्सको समेत बिरामी हुनुहुन्थ्यो ।) उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७५८२ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल २८५ जना बसिरहनुभएको छ भने १२९९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७०२ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६२९ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १८७७६ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १४३९३१ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | ११५७० | ५४६१६ | ७०७६८ | १२९४ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | १८०३ | ११२३४ | १००४० | १४१ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १७५० | ११५२५ | ६४०६ | ७७ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ५ | १५ | १५०७ | ११७ | ४ | |
| नुवाकोट | ५४९ | ० | ० | ४५ | ७ | ३२१ | ६६४६ | ९०५ | ३७ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | ३१ | १६९ | ५५६८ | १२७२ | ७ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १४६७ | १५७७९ | ५४८८ | १० | |
| सिन्धुली | ३१३ | ० | ० | ५२ | ६ | १०५ | ३९५३ | ४१५ | ३ | |
| मकवानपुर | १२५ | ० | ० | २९० | २४ | १०५५ | १५८३३ | ३५३० | ३३ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १३ | १४७९ | ३९३ | ४ | |
| दोलखा | १९३ | १ | १ | ४४ | ७३* | २५ | २५७३ | ३९३ | ४ | |
| काभ्रेपलान्चोक | ५९७ | २५ | ४९ | १९६ | ६५ | ३३३ | ७१९७ | २२२६ | ७३ | |
| सिन्धुपाल्चोक | ७५४ | ० | १०१ | १३१ | ६ | १५० | ६०२१ | ६४५ | १२ | |
| जम्मा | ७५८२ | २८५ | १२९९ | ४७०२ | ३६२९ | १८७७६ | १४३९३१ | १०२५९८ | १६९९ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १३३३९ | १८८ | २९३ | ६२ जना:<br>काभ्रेपलान्चोक-१२,<br>सिन्धुपाल्चोक-१२,<br>सिन्धुली-१०,<br>दोलखा-१०,<br>भक्तपुर-९,<br>काठमाण्डौ-६,<br>रामेछाप-३ | २३१ | |

(VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्यमा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।)

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्र: ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपाल: https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई